आज मिति २०८१ साल माघ महिनाको २८ गते सोमबारको दिन बिहानको ०८:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा आ.व.२०८१/०८२ को नवौं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो।

उपस्थिती

| क.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २ | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३ | कार्यपालिका सदस्य श्री जय थापा मगर (वडा अध्यक्ष, १ नं. वडा) | सदस्य | |
| ४ | कार्यपालिका सदस्य श्री रामचन्द्र क्षेत्री (वडा अध्यक्ष, २ नं. वडा) | सदस्य | |
| ५ | कार्यपालिका सदस्य श्री प्रचण्डमान सिंह बस्नेत (वडा अध्यक्ष, ३ नं. वडा) | सदस्य | |
| ६ | कार्यपालिका सदस्य श्री पुष्कर खड्का (वडा अध्यक्ष, ४ नं. वडा) | सदस्य | |
| ७ | कार्यपालिका सदस्य श्री श्याम बहादुर खत्री (वडा अध्यक्ष, ५ नं. वडा) | सदस्य | |
| ८ | कार्यपालिका सदस्य श्री शैलेसमान मानन्धर (वडा अध्यक्ष, ६ नं. वडा) | सदस्य | |
| ९ | कार्यपालिका सदस्य श्री हरि प्रसाद तिमल्सेना (वडा अध्यक्ष, ७ नं. वडा) | सदस्य | |
| १० | कार्यपालिका सदस्य श्री योस कुमार वाईबा (वडा अध्यक्ष, ८ नं. वडा) | सदस्य | |
| ११ | कार्यपालिका सदस्य श्री अमृका बलामी (वडा अध्यक्ष, ९ नं. वडा) | सदस्य | |
| १२ | कार्यपालिका सदस्य श्री ईश्वरी खत्री | सदस्य | |
| १३ | कार्यपालिका सदस्य श्री भानु विश्वकर्मा | सदस्य | |
| १४ | कार्यपालिका सदस्य श्री प्रकाश विशुंके | सदस्य | |
| १५ | कार्यपालिका सदस्य श्री विद्यालक्ष्मी श्रेष्ठ | सदस्य | |
| १६ | कार्यपालिका सदस्य श्री रमा पहरी | सदस्य | रमा |
| १७ | कार्यपालिका सदस्य श्री लक्ष्मी भण्डारी पौड्याल | सदस्य | |
| १८ | कार्यपालिका सदस्य श्री सुमित्रा विष्ट (के.सी.) | सदस्य | |
| १९ | कार्यपालिका सदस्य श्री सुरेश बस्याल | सदस्य | |
| २० | नि.प्रमुख प्रशासकीय अधिकृत श्री जनार्दन रिजाल | सचिव | |

CamScanner

मिति २०८१/१०/२८ गते सोमबार आ.ब.०८१/०८२ को नगर कार्यपालिकाको नवौं कार्यपालिका आकस्मिक बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि. नं. | विषय | निर्णय भएको व्यहोरा |
|---|---|---|
| १. | विद्यालय बस दुर्घटना सम्बन्धमा । | मिति २०८१/१०/२७ गते बा १ क ५६६४ नम्बरको जुनकिरी स्कुलको बस दक्षिणकाली नगरपालिका वडा नं. ३ स्थित डोल्लु खोला नजिक दुर्घटना भएको सम्बन्धमा देहाय बमोजिमको निर्णय गरियो:<br>क) दुर्घटनामा ज्यान गुमाउने राधाकृष्ण मगर र बालक बिपिन श्रेष्ठ प्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दै यस दु:खद घडीमा शोकाकुल परिवारजन तथा आफन्तजनहरुप्रति गहिरो समवेदना प्रकट गर्ने तथा घाइते बालबालिकाहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्ने ।<br>ख) राजधानीका विभिन्न अस्पतालहरुमा उपचाररत घाइते बालबालिका तथा व्यक्तिहरुको उपचारमा कुनै कमि हुन नदिन सम्बन्धित अस्पताल, काठमाडौं महानगरपालिका, ललितपुर महानगरपालिका र कीर्तिपुर नगरपालिका, सम्वन्धित विद्यालयहरु तथा सरोकारवालाहरुसँग आवश्यक समन्वय, पहलकदमी र सहयोग गर्ने । साथै उपचारलाई थप प्रभावकारी बनाउन नगर प्रमुखको नेतृत्वमा उपचाररत सबै अस्पतालहरुमा स्थलगत निरीक्षण गर्ने ।<br>ग) मृतकको परिवारलाई जनही रु.२५,०००।-(अक्षरेपी पच्चिस हजार) सहायता उपलब्ध गराउने ।<br>घ) मिति २०८१ माघ २८ गते सोमवार १ दिन यस नगरपालिका भित्र रहेका सबै शैक्षिक संस्थाहरुमा शोक बिदा दिने ।<br>ङ) उद्धार एवं उपचारमा खटिने सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, स्वयंसेवक तथा स्वयंसेवी संस्थाहरु, आमनागरिक समाज सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्ने ।<br>च) दुर्घटना सम्बन्धमा जाँचबुझ गरी ७(सात) दिनभित्र प्रतिवेदन पेश गर्न तपसिल बमोजिमको छानबिन समिति गठन गर्ने ।<br>१) श्री बसन्ती तामाङ डंगोल, नगर उप-प्रमुख - संयोजक<br>२) श्री अमृका बलामी, नगर प्रवक्ता - सदस्य<br>३) श्री योस कुमार वाइवा, विपद् व्यवस्थापन समितिको संयोजक - सदस्य<br>४) श्री शैलेसमान मानन्धर, सुशासन तथा संस्थागत विकास समिति संयोजक - सदस्य<br>५) श्री प्रचण्डमान सिंह बस्नेत, वडा नं.३ का वडाध्यक्ष - सदस्य<br>६) श्री प्रकाश विशुंन्के, सामाजिक विकास समिति संयोजक - सदस्य |

| | | |
|---|---|---|
| | | ७) ईलाका प्रहरी कार्यालय, फर्पिङ, काठमाडौंका प्रमुख - सदस्य<br>८) ट्राफिक प्रहरी कार्यालय, फर्पिङ, काठमाडौंका प्रमुख - सदस्य<br>९) नगर प्रहरी बल, फर्पिङ, काठमाडौंका प्रमुख - सदस्य<br>१०) दक्षिणकाली नगर बाल अधिकार समिति संयोजक - सदस्य<br>१०) श्री जनार्दन रिजाल, शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुख - सदस्य सचिव |
| २ | प्रयोगशाला सञ्चालन सम्बन्धमा | यस दक्षिणकाली नगरपालिका अन्तर्गत दक्षिणकाली नगर अस्पताल, चाल्नाखेलमा प्रयोगशाला सेवा विस्तारको लागि नगरपालिकाबाट सिलबन्दी प्रस्ताव माग गरिएकोमा श्री सिग्मा डाइगनोष्टिक ल्याबरोटरी प्रा.लि., मध्यपुर ठिमीले पेश गरेको प्रस्ताव सारभूत रुपमा हितप्रवाही देखिएको मूल्याङ्कन प्रतिवेदनका आधारमा उक्त प्रा.लि. सँग प्रस्तावमा उल्लेखित शर्त बमोजिम हुने गरी सेवा सम्झौता गर्न कार्यालयलाई निर्देशन गर्ने । |
| ३ | सेवा प्रवाह मापदण्ड सम्बन्धमा । | आ.व.२०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम एवं सम्पादित कार्यहरु, सो को अनुगमन, मूल्याङ्कन र प्रभावको लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षण र लैङ्गिक उत्तरदायी बजेट परिक्षण गर्नका लागि परामर्शदाताबाट तयार भएको सेवा प्रवाह निर्माण र लैङ्गिक उत्तरदायी बजेट परीक्षण तथा लैङ्गिक परीक्षण स्वीकृत गर्ने । |
| ४ | विविध | क) यस नगरपालिकाको आ.व.२०८०/०८१ को संस्थागत क्षमता स्वःमूल्याङ्कन गर्दा प्राप्त भएको ६४.०५% अंकलाई अनुमोदन गर्ने । |

CamScanner